नेपाल सरकार

जल तथा ऊर्जा आयोगको सचिवालय

# जलस्रोत तथा ऊर्जा अनुसन्धान केन्द्र

पुल्चोक, ललितपुर

सूचनाको हक सम्बन्धी ऐन २०६४ को दफा ५(३) तथा सूचनाको हक सम्बन्धी नियमावली २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको विवरण

**(२०८२ कार्तिक देखि पुससम्म)**

# विषय सूची


१. पृष्ठभुमि.............................................................................................१

२. केन्द्रको कार्य विभाजन..........................................................................१

३. केन्द्रको संगठनात्मक संरचना.................................................................२

४. शाखा, जिम्मेवार अधिकारी र टेलिफोन नम्बर............................................३

५. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि........................................................३

६. निवेदन उजुरी उपर निर्णय गर्ने प्रक्रिया तथा अधिकारी...............................३

७. निर्णय उपर उजुरी सुन्ने अधिकारी.............................................................३

८. सूचना अधिकारी र प्रमुखको नाम पद........................................................३

९. सम्पादन गरेका मुख्य मुख्य कामको विवरण..............................................४

१०. हाल सम्मको खर्चको विवरण..................................................................४

११. सार्वजनिक निकायको वेबसाइट भए सोको विवरण.....................................४

## १. पृष्ठभूमि

नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०८२/०३/२३ गतेको निर्णय बमोजिम साविकको जलस्रोत अनुसन्धान तथा विकास केन्द्र, जल तथा ऊर्जा आयोगको सचिवालयमा समाहित भई, जल तथा ऊर्जा आयोगको सचिवालय अन्तर्गत रहने गरी यस जलस्रोत तथा ऊर्जा अनुसन्धान केन्द्रको स्थापना भएको हो। यसको कार्यालय पुल्चोक स्थित श्रीमहल परिसरमा रहेको छ। यस केन्द्रको नेतृत्व सह-सचिव (रा.प. प्रथम प्रा.) बाट हुने व्यवस्था छ।

## २. केन्द्रको कार्य विभाजन

• ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय, जल तथा ऊर्जा आयोग, जलस्रोत तथा सिंचाइ विभाग, जल तथा मौसम विज्ञान विभाग र विद्युत विकास विभागसंग समन्वय गरी उक्त निकायहरूको कार्यक्षेत्र संग सम्बन्धित कार्यहरूको कुशल व्यवस्थापन तथा कार्य सम्पादन स्तर वृद्धिको लागि आवश्यक अनुसन्धान कार्यहरू गर्ने/गराउने, अनुसन्धानको आधारमा नीति र कार्यविधि सुधार गर्ने र कार्यान्वयन गर्नका लागि ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय र अन्तर्गतका निकायहरूलाई सहयोग गर्ने,

• सिंचाइ आयोजना, नदी नियन्त्रण/व्यवस्थापन, पहिरो तथा जल-विपद न्यूनीकरणका लागि Appropriate Technology लाई प्रोत्साहित गर्न Design Criteria तयार गरि सो लागु गर्न सम्बन्धित निकायहरू संग समन्वय राख्ने,

• निर्माणकार्यको गुणस्तर नियन्त्रणको लागि आधारभूत मार्गदर्शन एवं Standards तयार गर्ने,

• सिंचाइ विकास तथा व्यवस्थापन, नदी नियन्त्रण, जल-विपद न्यूनीकरण तथा व्यवस्थापन संग सम्बन्धित कार्य सम्पादन स्तर वृद्धिका लागि आवश्यक तालिम कार्यक्रमको योजना, पाठ्यक्रम, तालिम विधि तर्जुमा गर्ने,

• ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय अन्तर्गतका प्राविधिक कर्मचारीहरू विशेष गरि Line Function संग सम्बन्धितका लागि तालिमको आवश्यकता पहिचान गरी त्यस्ता तालिमहरू सञ्चालनको व्यवस्था गर्ने,

• यस केन्द्र बाट सञ्चालन हुने तालिमका लागि आवश्यक पर्ने प्रशिक्षकहरूको रोष्टर अध्यावधिक गर्ने,

• ऊर्जा तथा सिंचाइ विकासमा संलग्न उपभोक्ता तथा सरोकारवालाहरूको क्षमता अभिवृद्धिको लागि तालिमको पहिचान गरी तालिम सामग्रीको विकास र गोष्ठी, सेमिनार तथा तालिम कार्यक्रम सञ्चालन गर्ने/गराउने,

• माग भए अनुसार सिंचाइ, विद्युत तथा जल-विपदन्यूनीकरण तथा व्यवस्थापन र जलस्रोत व्यवस्थापनसंग सम्बंधित बहुउद्धेशीय आयोजनाहरूको भौगर्भिक तथा Geo-Technical अध्ययन गर्ने/गराउने। सम्बन्धित योजना तथा आयोजनाहरूलाई सूचना एवं आवश्यक सहयोग उपलब्ध गराउने,

• हिमाली एवं पहाडी क्षेत्रमा रहेका सिंचाई योजना तथा कार्यक्रमको संरचनालाई बाढी पहिरोजन्य प्रकोप/विपद बाट बचाउन आवश्यक अध्ययन गर्ने/गराउने,

• भौगर्भिक विषय संग सम्बन्धित सूचना संकलन एवं अध्यावधिक गर्ने।

• भूमिगत जल गुण अनुगमन गर्ने, भूमिगत जल प्रदुषण सम्बन्धि अध्ययन तथा अनुसन्धान गर्ने/गराउने,

• जल गुण प्रयोगशालाको सञ्चालन तथा व्यवस्थापन गर्ने,

• भूमिगत जलस्रोतको स्तर, गुणस्तर, रिचार्ज दर, र उपयोग ढाँचामा डाटा सङ्कलन गर्ने,

• जलस्रोत अनुसन्धान तथा विकास केन्द्र अन्तर्गतका अनुसन्धानहरू प्रकाशनहरू गर्ने,

• ग्रीन हाइड्रोजन र यसको सह-उत्पादनलाई प्रवर्धन गर्ने गराउने,

• अध्ययन तथा अनुसन्धान भएका प्रतिबेदनहरूको अभिलेख राख्ने। अध्ययन तथा अनुसन्धान भएका प्रतिबेदनहरूलाई सुरक्षित राख्ने र सरोकार वालालाई तत्सम्बन्धमा सूचना प्रवाह गर्ने,

• जलस्रोत, विद्युत, जलविज्ञान, मौसम विज्ञान, सिंचाइ तथा जल-विपदव्यवस्थापन सम्वन्धि अध्ययन, अनुसन्धान, अन्वेषण, एवं नवप्रवर्तनशील प्रविधिको विकास तथा जलस्रोत क्षेत्रमा कार्यरत प्राविधिक जनशक्तिको क्षमता अभिवृद्धि गर्ने,


• संघियताको सन्दर्भमा प्रदेश तथा स्थानिय तहका प्राविधिकहरूलाई जलस्रोतको प्रभावकारी उपयोग तथा व्यवस्थापनको लागि व्यवहारिक सचेतना अभिमुखिकरण तालिम तथा क्षमता अभिबृद्धि गर्ने,

• अध्ययन, अनुसन्धान भएका प्रतिवेदनहरूलाई सुरक्षित राख्ने र सरोकारवालाहरूलाई तत्सम्बन्धमा सूचना प्रवाह गर्ने,

• आयोगको सचिवालय अन्तर्गतका निकायहरूको डिजीटल पुस्तकालयको विकास गरी जलस्रोत संग सम्बन्धित सम्पूर्ण जानकारी व्यवस्थित गर्ने,

• वार्षिक जलस्रोत मुखपत्र प्रकाशित गर्ने ।

## ३. केन्द्रको संगठनात्मक संरचना



## ४. शाखा, जिम्मेवार अधिकारी र टेलिफोन नम्बर

| क्र. सं. | शाखा | जिम्मेवार अधिकारी | टेलिफोन नं. |
|---|---|---|---|
| १ | सह-सचिव | श्री संजीव वराल | ०१-५४३५४०७ |
| २ | जलस्रोत प्रविधि तथा मापदण्ड विकास शाखा | सि.डि.इ. श्री रवि शाक्य | ०१-५४४३२८५ |
| ३ | जलवायू विपद् तथा प्रयोगशाला शाखा | सि.डि.इ.जि. डा. अनन्तमान सिँह प्रधान | ०१-५४२६०७८ |
| ४ | जनशक्ति विकास तथा जलस्रोत अनुसन्धान शाखा | सि.डि.इ श्री रवि शाक्य | ०१-५४३५५०३ |
| ५ | प्रशासन शाखा | प्रशासकिय अधिकृत | ०१-५४३५५०२ |
| ६ | आर्थिक प्रशासन शाखा | लेखा अधिकृत श्री ईशा बुढाथोकी | ०१-५४३६२५४ |

## ५. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि

क. सेवा प्राप्त गर्न लाग्ने दस्तुर

१. सूचनाको हक सम्बन्धि नियमावली २०६५ को नियम ४ बमोजिम, र

२. अन्य विशेष कानुनले तोके बमोजिमको दस्तुर

ख. सेवा प्राप्त गर्न लाग्ने अवधि

१. सूचनाको हक सम्बन्धि ऐन २०६४ को दफा ७ ले तोकेको अवधि भित्र, र

२. अन्य विशेष कानुनले अवधि तोकेकोमा सोहि बमोजिमको

## ६. निवेदन उजुरी उपर निर्णय गर्ने प्रक्रिया तथा अधिकारी

प्राप्त उजुरीहरू सम्बन्धित अधिकारीले हेरी सम्बन्धित शाखामा आवश्यक कारबाहीको लागि पठाइने र शाखा प्रमुखबाट कारवाही प्रक्रिया अगाडी बढाइने।

## ७. निर्णय उपर उजुरी सुन्ने अधिकारी

सह-सचिवः  श्री संजीव वराल

## ८. सूचना अधिकारी, प्रवक्ता र प्रमुखको नाम पद

प्रमुखः सह-सचिव, श्री संजीव वराल

प्रवक्ताः सि.डि.इ.जि., डा. अनन्तमान सिँह प्रधान

सूचना अधिकारी: पुस्तकालय अधिकृत, श्री महेश खनाल

## ९. सम्पादन गरेका मुख्य मुख्य कामको विवरण

जलस्रोत तथा ऊर्जा अनुसन्धान केन्द्रबाट यस आ. व. २०८२/८३ को २०८२ साउनदेखि २०८२ पुसमसान्त सम्ममा सम्पादन भएका मुख्य मुख्य कार्यहरू निम्नानुसार रहेका छन् :

क) नमुना योजना निर्माण कार्य अन्तर्गत रानीसवारा सोलार लिफ्ट, नुवाकोटको कार्य भइरहेको,

ख) Smart Irrigation Project, Dhading को Scheduling को कार्य भईरहेको,

ग) Maharani Jhoda smart ISP – Jhapa को Joint Survey सम्पन्न भई डिजाइन स्विकृतिको चरणमा रहेको,

घ) Investigation Deep Tubewell अन्तर्गत तेमाल, काभ्रे र पाखिबास, धनकुटाको कार्य सम्पन्न भएको,

ङ) Impact study on encroachment in command area of irrigation project (Bagmati, Manusmara and Jhanja Irrigation Project) को सम्झौता भएको,

च) Spring Inventory अन्तर्गत भानु न.पा., तनहुँको सम्झौता भएको,

छ) Geographic object based image analysis for landslide identification using machine learning in the eastern area of Nepal सम्झौता भएको।

## १०. हाल सम्मको खर्चको विवरण

जलस्रोत तथा ऊर्जा अनुसन्धान केन्द्रबाट २०८२ साउनदेखि २०८२ पुसमसान्त सम्मको खर्च निम्नानुसार रहेको छः

| जलस्रोत तथा ऊर्जा अनुसन्धान केन्द्र | विनियोजित बजेट (रू लाखमा) | खर्च (रू लाखमा) | वित्तिय प्रगति (वार्षिक) |
|---|---|---|---|
| पुँजीगत | ९३३.०० | ०.०० | |
| चालु | २१५.२५ | ९७.२४ | |
| जम्मा | ११४८.२५ | ९७.२४ | ८.४७% |

## ११. सार्वजनिक निकायको वेबसाइट भए सोको विवरण

यस केन्द्रको वेबसाइट https://wrerc.gov.np रहेको छ।